भुजेललाई कानुनी कारबाहीको प्रक्रिया अघि बढाइएको प्रहरीले जनाएको छ ।

## लालबन्दी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## लालबन्दी, सर्लाही
## प्रदेश नं. २, नेपाल

### गरिवी निवारण लागी लघु उद्यम विकास कार्यक्रम (मेडपा) कार्यान्वयनका लागि आशयपत्र आह्वान गरिएको सूचना ।

प्रकाशित मिति २०७७/०९/२२

यस लालबन्दी नगरपालिका अर्न्तगत आ.व. २०७७/०७८ मा गरिवी निवारणका लागी लघु उद्यम व्रिकास कार्यक्रम (मेडपा) मार्फत नयाँ लघु उद्यमी सृजना र स्तरोउन्नती तर्फ सिप विकास तालिमहरु सञ्चालन गर्नु पर्ने भएकोले व्यवसाय विकास सेवा प्रदायक संस्था छनौटका लागी देहाय वमोजिमका (सुचिकृत भएका) सर्त हरुको अधिनमा रहि आशय पत्र माग गरि दर्ता भएका संस्थाहरुको आशय पत्रहरु विच प्रतिस्पर्धावाट योग्यताका आधारमा व्यवसाय विकास सेवा प्रदायक संस्थाहरुको छनौट गर्नुपर्ने भएकोले ईच्छुक व्यवसाय सेवा प्रदायक संस्था,गैर सरकारी संस्था,फर्म वा कम्पनीवाट उक्त कार्यक्रम सञ्चालन गर्नका लागी यो सुचना प्रकासन भएको मितिले १५ दिन भित्रमा रित पुर्वक आशय पत्र पेश गर्न सुचना आह्वान गरि एको छ । आशय पत्रको ढाचाँ यस कार्यालयबाट रु १०००। को रसिद काटी उपलब्ध हुनेछ ।

**शर्तहरु:**

आशय पत्रदाताको निम्नानुसारको कागजात तथा प्रमाण पत्रहरुको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ ।

क. संस्था (व्यवसाय विकास सेवा प्रदायक संस्था, गैर सरकारी संस्था, प्राईभेट वा साझेदारी फर्म वा कम्पनी) को विधान वा प्रबन्धपत्र नियमावलीमा लघु उद्यम वा व्यवसाय विकास वा सिप विकास तालिम वा आय आर्जन क्षेत्रमा (कम्तीमा २ वर्ष कार्य अनुभव भएको) गर्ने उदेश्य उल्लेख भएको ।

ख. संस्था दर्ता भएको अवधि ३ वर्ष पुरा भएको

ग. संस्था नविकरण अद्यावधिक भएको

घ. मुल्यअभिवृद्धि करमा दर्ता भएको

ङ आ.व. २०७६/०७७ को कर चुत्ता प्रमाण पत्र (कर छुट सुविधा प्राप्त गरेको संस्थाले कर कार्यालयमा आफ्नो बार्षिक कारोवारको विवरण पेश गरेको प्रमाण) ।

च. कालो सुचिमा नपरेको स्वघोषणा पत्र ।

छ. आ.व. २०७६/०७७ को लेखा परिक्षणको प्रतिवेदन ।

ज. गैर सरकारी संस्थाको हकमा समाज कल्याण परिषदमा दर्ता भएको र कम्पनीको हकमा सम्बन्धित निकाय वाट काम गर्ने इजाजत पत्र भएको ।

झ. अनुसुची १ अनुसारको गरिवी निवारणका लागी लघु उद्यम विकास कार्यक्रम सञ्चालनको लागि आशयपत्र फारम ।

ञ. सम्बन्धित संस्थाले उद्यमी सिर्जना वा सीप विकास तालिम प्रदान सम्बन्धी यस पुर्व गरेका कामहरुको विवरणहरु ।

ट. सम्बन्धित संस्थाको कार्यक्षेत्र तथा भौगोलिक उपस्थिति ।

ठ. सम्बन्धित संस्थामा आवद्ध जनशक्तिको अवस्था,क्षमता र समावेशीपन ।

ड. सम्बन्धित संस्थाको आर्थिक,भौतिक,वित्तिय तथा प्राविधिक क्षमता ।

ढ. सम्बन्धित लैङ्किक समानता र सामाजिक समावेशी सम्बन्धमा सम्बन्धित संस्थाको उदेश्य ।

प्रमुख प्रशासकिय अधिकृत